केपिलासगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाक्सिला, खोटाङ

प.सं. : ०७८।०७९ प्रदेश नं. १

च.नं. : ४१३ मिति : २०७८।०८।१७

**विषय : किसान सुचिकरण कार्यक्रम अन्तर्गत सहजकर्ता छनौटको लागि आवेदन दिने सम्बन्धी सुचना**

**श्री सरोकारवाला सबै ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०७८।०७९ को सशर्त अनुदानको **कृषक दर्ता व्यवस्थापन कार्यक्रम** अनुसार **किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७** अन्तर्गत **खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५** को दफा १४ को उपदफा (१) कार्यान्वयनका लागि किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरूलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरूको आवश्यक विवरणहरू विद्युतिय प्रणाली मार्फत संकलन गरि किसान सूचिकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ । साथै उक्त किसान सूचिकरण कार्यक्रम कार्यान्वयन गर्नको लागि जारी गरिएको **किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ को परिच्छेद** ७ को जनशक्ति व्यवस्थापन अन्तर्गत यस केपिलासगढी गाउँपालिकाको वडा नं. १,२,३ र ६ मा सहजकर्ता नियुक्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरूले आवश्यक विवरण सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस केपिलासगढी गाउँपालिकाको कृषि विकास शाखामा आवेदन दर्ता गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघि वा रीत नपुगी प्राप्त हुन आएका आवेदन उपर कुनै कारबाही हुने छैन ।

**तपसिल :**

**१. आवश्यक योग्यता**

- १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको साथै न्यूनतम १२ कक्षा उत्तीर्ण ।
- ट्याबलेट, कम्प्युटर चलाउन सक्ने, नेपाली युनिकोड साथै अंग्रेजी टाईपिङ गर्न सक्ने, इन्टरनेट चलाउन सक्ने ।

**२. आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजात**

- नेपाली नागरिकताको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

**३. छनौटको विधि**

- प्रयोगात्मक साथै अन्तरवार्ता

२०७८।८।१७

(छविलाल राई)
प्रमुख प्रशासकीय अधिकृत

**नोट :** आवेदन फाराम गाउँपालिकाको कृषि विकास शाखा कार्यालय साथै गाउँपालिकाको वेव-साईट मा उपलब्ध हुनेछ ।

**थप जानकारीका लागि सम्पर्क : ९८४८९२१५४८ (साइमन गुरुङ- कृषि विकास शाखा प्रमुख)**